

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ७ गते आइतबार ❑ 24 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नेपाली मौलिकपनलाई बचाउन सके पर्यटनबाट आर्थिक लाभ लिन सक्छौं: मन्त्री किराँती

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

स्वामी कमलनयनाचार्य श्रीजी महाराज (श्रीमुक्तिनाथबाबा) लाई श्रीहेम देवी धर्म, संस्कृति तथा समाजसेवा पुरस्कार अर्पण गरिएको छ । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले शनिबार पोखरामा एक समारोहका बिच उक्त पुरस्कार श्रीमुक्तिनाथबाबालाई अर्पण गर्यो ।

उक्त पुरस्कारको राषि १ लाख १ हजार रहेको छ । श्रीमुक्तिनाथबाबालाई उक्त पुरस्कार नेपाल सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती, समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठले अर्पण गरे । कार्यक्रममा बोल्दै मन्त्री किराँतीले नेपालमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको दाबी गरे । नेपालको पर्यटनमा एकिकृत विकास गर्नुपर्ने बताउदै मन्त्री किराँतीले पर्यटनलाई नेपालका धार्मिक मठ मन्दिरहरुसंग जोड्न सक्नुपर्ने



जनाए । मुक्तिनाथ, विन्ध्यवासिनी, पशुपतिनाथ, लुम्बिनी, संसारको अग्लो शिखर सगरमाथा हाम्रो देशमा भएर पनि ज्ञानका हिसावले निकै कम भएको मन्त्री किराँतीले बताए । हाम्रो समाजमा इद्रेणि रहेको उल्लेख गर्दै मन्त्री किराँतीले तर हामी फिक्का फिक्का हुदै गएको गुनासो गरे । संसारमै रंगी विरङ्गी संस्कृति भएको मुलुक नेपालमै संस्कृतिको ऐन नभएको उहाँले गुनासो गर्नु भयो । संस्कृतिको नीति निर्माण पछि प्रज्ञा प्रतिष्ठानको कुलपतिको संयोजकत्वमा ११ सदस्य समिति गठन गरेको बताउदै मन्त्री किराँतीले त्यो नीतिका आधारमा संस्कृति ऐन बनाउने उल्लेख गरे । पर्यटनको क्षेत्रमा बढी भन्दा बढी जनशक्ति उत्पादन गर्न सरकार लाग्ने उहाँको भनाई थियो । पर्यटन विश्व विद्यालय स्थापना गर्न समेत मस्यौदा समिति गठन गरेको मन्त्री किराँतीले बताए । सचिवको नेतृत्वमा ऐन ड्राफ बनाउन लागेको उनको भनाई थियो ।

नेपालको पर्यटनको विकास विश्वका मुलुक भन्दा फरक ढंग संस्कृति र प्रकृतिको संयोजनबाट मात्र हुने दाबी गरे । उनले भने "अर्कोको देशको जस्तो नक्कल गरेर हामी कहिले पनि पर्यटनको क्षेत्रमा विश्व बजारमा प्रतिष्प्रर्धा गर्न सक्दैनौं, हामीले हाम्रो आफ्नो मौलिक पन दिने हो हाम्रा चोकै पिच्छे मन्दिर, विभिन्न समुदायको कला भेष भुषा संस्कृति हुनु यो नै हाम्रो पर्यटनको आकषर्णको केन्द्र हो ।" कुनै देशले गोरु जुधाएको पनि टिकट बिक्रि गरी पर्यटक भित्राउने गरेको उदाहरण दिदै मन्त्री किराँतीले हाम्रो देशमा मनाउदै आएका चार्ड पर्व र जात्राले पनि विश्वका पर्यटकहरुलाई आकषर्ण गर्न सकिने दाबी गर्नु भयो । संसारका मान्छेहरु एक दिन हाम्रो देशमा आउने दाबी गर्दै मन्त्री किराँतीले जहाँ कुनै सवारी साधन नचल्ने र मोवाइल फोन समेत नचल्ने त्यस्तो स्थानको खोजिमा नेपाल पर्यटनको पहिलो गन्तव्य हुने उल्लेख गरे । धार्मिक क्षेत्रले पर्यटनको मात्र नभई देशको आर्थिक विकासमा योगदान दिने मन्त्री किराँतीले जनाए । विकासको मोडलमा नेपाली स्वादको पर्यटन निर्माणको निम्ति, विकासको मोडलमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विकास र सुशासनका लागि लागिरहन्छु : राष्ट्रपति पौडेल

**पोखरापत्र संवाददाता**
दमौली, ६ असोज

राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकको विकास र समृद्धिका लागि आफू निरन्तर लागिपर्ने बताउनुभएको छ । दलीय राजनीतिमा नलाग्ने भन्दै उहाँले विकास र सुशासनका लागि सदैव सक्रिय रहने बताउनुभयो ।

तनहुँको व्यास नगरपालिका-३ बिपी वनवाटिकामा निर्माण गरिएको दमौली सभागृहको शनिबार उद्घाटन गर्नुहुँदै राष्ट्रपति पौडेलले विकासका कारण मुलुक पछाडि परेकाले विकासबाट हात नझिक्ने बताउनुभयो । राष्ट्रपति पौडेलले भन्नुभयो, "देशलाई विकास चाहिएको छ, देश पछाडि परेको छ । विकासका लागि म जहाँ पनि बोल्छु, सबैलाई सचेत गराउँछु ।" सुशासन र विकासका लागि सचेत गराउनु आफ्नो जिम्मेवारी रहेको बताउँदै राष्ट्रपति पौडेलले मुलुकका लागि विकास नै पहिलो सर्त रहेको उल्लेख गर्नुभयो ।



संविधानको रक्षा गर्नु सबैको दायित्व रहेको बताउँदै राष्ट्रपति पौडेलले स्थायित्व र सुशासनबाट विकास सम्भव रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "परिवर्तनको रक्षा गर्ने मेरो जिम्मेवारी हो । संविधानको रक्षक भएका नाताले मेरो कदम त्यसतर्फ हुनेछ ।" सबै धर्म र जातजातिको सम्मान गर्नुपर्ने बताउँदै राष्ट्रपति पौडेलले देशलाई बलियो बनाउनेतर्फ लाग्न सबैलाई आग्रह गर्नुभयो । व्यवस्था बदलिए पनि अवस्था नबदलिएको भन्दै राष्ट्रपति पौडेलले पदमा पुग्नेहरूले देशको हितमा काम गर्नुपर्ने बताउनुभयो । राष्ट्रपति पौडेलले निमुखा जनताले न्याय पाउनुपर्ने र विपन्नलाई आय चाहिएको भनाइ राख्नुभयो ।

सबै राजनीतिक दल मिलेर एकाआपसमा सहकार्य गरी काम गर्नुपर्ने बताउँदै राष्ट्रपति पौडेलले दलहरू मिले मात्रै मुलुक बलियो बन्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "दुई ठूला देशका बीचमा रहेको नेपाललाई एकताको बाटोमा हिँडाउनुपर्छ । सबै दल मिले मात्रै देश बलियो हुन्छ ।" सो अवसरमा शहरी विकास मन्त्री सीता गुरुङले सरकारले पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो । गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले सबै दलको एकताबाट मात्रै विकास सम्भव रहेको उल्लेख गर्नुभयो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सीमित स्रोत र साधनबाट पूर्वाधार विकासमा जोड दिइएको बताउनुभयो । यो देशमा केही हुन सक्दैन भन्ने भाष्य स्थापित गर्न खोजिएको बताउँदै उहाँले नैराश्यताको फाइदा उठाएर गलत काम गर्नेहरूलाई परास्त गर्नुपर्नेमा जोड दिनुभयो ।

तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य डा. स्वर्णिम वाग्लेले कुशासनले विकास रोकिएको बताउनुभयो । तनहुँ क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य शङ्कर भण्डारीले असमझदारीले मुलुक पछाडि परेकाले सबै दलबीच एकता आवश्यक रहेको धारणा राख्नुभयो । काठमाडौं क्षेत्र नम्बर ५ का प्रतिनिधिसभा सदस्य प्रदीप पौडेलले समयमा काम नहुने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । राष्ट्रियसभा सदस्य भगवती न्यौपाने र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोउवा संघको ६९ औं वार्षिक अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पछिल्लो समय विरोधको नाममा विरोध गर्ने प्रवृत्ति बढेको गुनाासो गरेका छन् । महानगरले केही रणनीतिक महत्वका परियोजनाहरु सुरु गरे पनि केही व्यक्ति र समूहले कुरै नबुझी विरोध गरेको जिकिर पनि गरे ।

नगर प्रमुख आचार्य शनिबार पोखरा उद्योग वाणिज्य संघको ६९ औं वार्षिक अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै थिए । प्रमुख अतिथिसमेत रहेका नगर प्रमुख आचार्यले वर्तमान समयमा निजी क्षेत्र विभिन्न कारणले आक्रान्त रहेको स्वीकार्दै सहर चलायमान नहुँदा सवै तहका सरकार पनि चलायमान नभएको बताए ।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य संघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले जोखिम मोलेर व्यवसायमा होमिएका उद्योगी/व्यवसायीहरुलाई राज्यले उचित संरक्षण गर्न नसकेको र यसमा निजी क्षेत्रसमेत दोषी भएको बताए । नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य तथा कृषि उद्यम समिति संयोजक डीबी बस्नेतले राज्यले उत्पादकत्व बढाउने खालका योजना अगाडि नसारेको गुनासो गरे । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकीका संस्थापक अध्यक्ष संजिवबहादुर कोइरालाले आयात प्रतिस्थापन तथा रोजगारी सिर्जनालाई केन्द्रमा राखेर सरकारले नीति तथा कार्यक्रम तय गर्नुपर्ने बताए ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष बेलबहादुर कटुवालले निजी क्षेत्र अहिले मर्नु न बाँच्नुको अवस्थामा



पुगेको र समस्या समाधानको लागि छाता संस्थाले उदासिनता देखाएको आरोप लगाए । पृथ्वी राजमार्ग बस संचालक कम्पनीका अध्यक्ष योगेन्द्र केसीले राज्य भन्सारबाट उठ्ने विभिन्न खालको कर उठाउनमात्र उद्यत रहेको आरोप लगाए । कार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको सुनिश्चिता,व्यवस्थित सहरीकरण र पूर्वाधार निर्माण,पोखराको अन्तर ाष्ट्रिय प्रचार, औद्योगिक क्षेत्रको स्थापना,कोरोला-त्रिवेणी तथा मध्यपहाडी राजमार्गबाट समुचित लाभ लिने अवस्थाको सिर्जना हुनुपर्ने बताए । 'कोभिड १९ पछि ओरालो लागेको पोखराको पर्यटन उद्योगले अझै गति लिन सकेको छैन । मुख्य पर्यटकीय सिजनमा पनि पोखरा सुनसानजस्तै छ । यसले हामीलाई निराश बनाएको छ,' उनले थपे । पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले धन्यवाद ज्ञापनको क्रममा व्यवसायीहरुको धैर्यता गुमाउने अवस्था सिर्जना भएको बताउँदै सरकारले सडकमा ल्याउन बाध्य नपारोस् भने । नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले पोखराको संचार क्षेत्र निजी क्षेत्रसँग सहकार्य गर्न तयार रहेको र निजी क्षेत्रका समस्याहरु मुखरित गरिरहेको बताइन् ।

पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यमनाथ पौडेलले व्यवसाय मैत्री वातावरण निर्माण नहुँदा मुख्य सहरी क्षेत्रमै सटरहरु खाली हुने अवस्था सिर्जना भएको बताए । पोउवा संघका महासचिव बलराम आचार्यले कार्यक्रम संचालनकै दौरान पोखराको समग्र आर्थिक र सामाजिक विकासमा निजी क्षेत्रको भूमिकाबारे चर्चा गरे ।

पोखराको पुरानो सामाजिक संस्थाको रुपमासमेत क्रियाशिल संघको ६९ औं वार्षिक अधिवेशनले महासचिव बलराम आचार्य र कोषाध्यक्ष दीनेशचन्द्र बास्तोलको वार्षिक प्रतिवेदन पारित गरेको छ । यस्तै पोउवा संघ र पृथ्वी राजमार्ग बस संचालक कम्पनीबीच संघका सदस्यहरुलाई सो कम्पनीको बसमा यात्रा गर्दा १५ प्रतिशत भाडा छुट शनिबारबाटै कार्यान्वनयमा आएको घोषणा पनि गरिएको छ । पृथ्वीले हाल पोखराबाट देशका ६५ जिल्लामा बस सेवा संचालन गरिरहेको छ ।

सो अवसरमा पोखरा उद्योग वाणिज्य संघले हरेक दुई वर्षमा प्रदान गर्दै आइरहेको पोखरा उद्योग वाणिज्य संघ आर्थिक पत्रकारिता पुरस्कार २०८० बाट पत्रकार वाशुदेव मिश्र पुरस्कृत भएका छन् । पोखरालाई कर्मक्षेत्र बनाइ विगत २४ वर्षदेखि निरन्तर कार्यरत मिश्रलाई संघका पूर्वअध्यक्ष कृष्णमोहन श्रेष्ठ संयोजक रहेको छनोट समितिले आर्थिक पत्रकारितामा पुऱ्याएको योगदानको कदर गर्दै पुरस्कृत गर्ने निर्णय गरेको थियो । छनोट समितिमा नेपाल पत्रकार महासंघ कास्कीका वर्तमान अध्यक्ष विमला भण्डारी, पूर्वअध्यक्ष पुण्य पौडेल, पोउवा संघका उपाध्यक्ष उत्तममान बुद्धाचार्य र कार्यसमिति सदस्य माधव बस्ताकोटी सदस्य रहेका थिए । संघको ६९ औं वार्षिक अधिवेशनको क्रममा प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सम्मानित गरेका हुन् ।पुरस्कारमा सम्मानपत्रसहित नगद २५ हजार रुपैयाँ पनि समावेश छ । सो पुरस्कारबाट यसअघि पत्रकारहरु सन्तोष पोखरेल, रुपनारायण ढकाल, भरत कोइराला र लालप्रसाद शर्मा सम्मानित भइसकेका छन् ।

उत्कृष्ट बस्तुगत संघ सम्मान २०८० बाट थोक बिक्रेता व्यवसायी संघ,कास्की सम्मानित भएको छ । संघको ६९ औं वार्षिक अधिवेशनको क्रममा प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले थोक व्यवसायी संघ कास्कीका अध्यक्ष टीकाराम सुवेदीलाई प्रदान गरेका हुन् । संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार लालचन संयोजक तथा संघका पूर्वउपाध्यक्ष मीनराज काफ्ले र ईश्वर कर्माचार्य,पूर्वउपमहासचिव प्रकाशदेव पालिखे र साधारण सदस्य पुरुषोत्तम श्रेष्ठ रहेको छनोट समितिको सिफारिसमा सो सम्मान प्रदान गरिएको हो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विन्ध्यवासिनी क्याम्पसको दशौं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरूङले नैतिक शिक्षा र आचरणले मानिसलाई जिम्वेवार बनाउने बताउनुभएको छ।

पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी क्याम्पसको दशौं साधारण सभाको उद्घाटन गर्दै प्रदेश प्रमुख गुरुङले सिकेको शिक्षा र सिपलाई व्यवहारमा उतार्न सके मात्र जिवन सफल बन्ने बताउँदै व्यवहारिक शिक्षामा जोड दिनुभएको छ।

उहाँले पछिल्लो समयमा शैक्षिक संस्था संचालनमा कठिनाई देखिने गरेको बताउदै, क्याम्पसको संचालन तथा संरक्षणका लागि स्थानीय समुदाय नै जागरुक हुनुपर्ने बताउनु भयो।

संघीय सासंद विद्या भट्टराईले क्याम्पसको शैक्षिक तथा भौतिक विकासमा सहयोग गर्न आफू प्रतिवद्ध रहेको बताउँदै विभिन्न निकायसँग समन्वय गर्ने बताउनुभयो। क्याम्पस संचालक




समितिका अध्यक्ष दानबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशका पुर्व मन्त्री कुमार खड्का, नेपाल पब्लिक क्याम्पस संघका प्रदेश अध्यक्ष ऋषिराम बुढाथोकी, पोखरा १६ का अध्यक्ष अमृत शर्मा तिमिल्सिना, नेपाल सरकारका पूर्व सचिव बाबुराम आचार्य, संस्थापक क्याम्पस प्रमुख नरहरि भट्टराई, प्राध्यापक डा टंकनाथ तिमिल्सिना लगायतले दक्ष जनशक्ति उत्पादन गर्न क्याम्पसले गुणस्तरीय शिक्षा प्रदान गरेको बताउदै क्याम्पसको प्रशंसा गरेका थिए।

कार्यक्रममा क्याम्पसका उत्कृष्ट विद्यार्थी सरस्वती विक, तिलक आर्चाय, शर्मिला बास्तोलालाई सम्मान गरिएको छ।

त्यस्तै ३५ जना अक्षयकोष दाता र ६९ जना आजिवन सदस्यलाई प्रदेश प्रमुख पृथ्वीमान गुरूङ, वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, पुर्व मन्त्री कुमार खड्का, क्याम्पस संचालक समितिका अध्यक्ष दानबहादुर बानियाँले सम्मान गर्नुभयो। क्याम्पस प्रमुख विजय शर्माले शैक्षिक तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै क्याम्पसको चौतर्फी विकासका लागि सहयोग गर्न आग्रह गर्नुभयो। उहाँले क्याम्पसको आगामी कार्ययोजना समेत प्रस्तुत गर्नुभएको थियो। क्याम्पसले सोहि कार्यक्रममा संरक्षक संस्था विन्ध्यवासिनी माध्यमिक विद्यालयलाई देशभरका सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट पहिलो वन्न सफल भएको भन्दै सम्मान गर्यो। प्रमुख अतिथि गुरूङ र सासंद विद्या भट्टराईले विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यलाई सम्मानपत्र प्रदान गर्नुभयो। विन्ध्यवासिनी माविका प्रअ कृष्ण प्रसाद आचार्यले स्वागत गर्नुभएको कार्यक्रममको संचालन क्याम्पसका कर्मचारी भिमबहादुर गायकले गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीले संस्कृति झल्किने गित तथा नृत्य प्रस्तुत गरेका थिए।

# २२ वटा विमानस्थल संचालनको लागि सरकारले ३ वटा साना जहाज खरिद गर्छौं: मन्त्री किराँती

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

नेपाल सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँतीले २२ वटा विमानस्थललाई व्यवसायीक रुपमा संचालनको लागि सरकारले ३ वटा साना जहाज खरिद गर्ने प्रकृयामा रहेको बताउनु भएको छ।

पोखरा पर्यटन परिषदको संयोजनमा पोखराका पर्यटन व्यवसायीहरुसंगको शनिबार पोखरामा भएको भेटघाट तथा छलफल कार्यक्रममा बोल्दै मन्त्री किराँतीले सरकारले निर्माण गरेका २२ वटा विमानस्थलहरु हाल प्रयोग विहिन भएकोले त्यसको उच्चतम प्रयोग गर्दै दुर्गम क्षेत्रका जनताको लागि पहिलो चरणमा सानो प्रकृतिको ३ जहाज खरिद गर्ने प्रकृयामा सरकार रहेको बताउनु भएको हो।

ट्रक रुटको बुद्धको जस्ता जहाज ४ वटा सुरुमा अन्तरीाष्ट्रय क्षेत्रमा उडान भर्न मिल्ने न्यारोवडि प्रकृतिको थप ४ वटा जहाज खरिद गर्ने सरकार तयारीमा रहेको मन्त्री किराँतीले बताउनु भयो। कनेक्सन फ्लाईट गर्ने दुबईबाट आएको जहाजले सिधै पोखरा आउने वातावरण मिलाउने उहाँले बताउनु भयो। एक रात पोखरामा बसेर सम्भव भए सोही दिन अन्यथा भोलिपल्ट मुस्ताङको जोमसोमसम्म लाने वातावरण समेत मिलाउने मन्त्री किराँतीले उल्लेख गर्नु भयो। जहाज खरिद गर्ने बिषयमा निकै चुनौती रहेको उल्लेख गर्दै मन्त्री किराँतीले जनता र राष्ट्रिय हितको लागी जस्तो सुकै सामना गर्न आफु तयार रहेको दाबी गर्दै जेल जान समेत आफु तयार रहेको जनाउनु भयो। उहाँले भन्नु भयो "समुद्रले नछोएको हाम्रो जस्तो मुलुकको लागि जहाज निकै महत्वपूर्ण हुँदो रैछ तर यहाँ जहाज खरिद गर्न दिदैनरैछ, पैसा पनि छ, किन्न पनि दीदैन भन्छन राष्ट्रिय आवश्यकता हो, पन्चबर्षीय पन्ध्रौं राष्ट्रिय योजनामा पनि जहाज आवश्यक हो भनिएको छ, किन्न खोज्दै छौं, मुद्दा लागिहाल्छ।"

अब सरकारले तीन मुख्य कामलाई पहिलो प्रथामिकता दिने उहाँले बताउनु भयो। मन्त्री किराँतीले ७ महिनामा गरेका काम तथा योजनाको अवलोकन तथा पुनः अनुगमन गर्ने दोश्रो मध्यमस्तरको परिणममा जाने जसमा नेपालमा जहाज थप गरी कालो सूचिमा परेको नेपाललाई त्यसबाट हटाउन पहल गर्ने र पशुपतिनाथ मन्दिर क्षेत्रमा निःशुल्क शवदाह गर्ने बिषयमा सरकार लागि परेको बताउनु भयो। टिचिङ हस्पिटलमा खातका खात शवहरु रहेको उहाँले उल्लेख गर्नु




भयो। आजै मात्र सम्झौताको लागि टेण्डर प्रकृया अघि बढेको उहाँले बताउनु भयो। मध्यमस्तरको नतिजा निकाल्दै नीति निर्माणमा लाग्ने बताउदै मन्त्री किराँतीले पर्यटन ऐन बनाउन लागि परेको उल्लेख गर्नु भयो। मन्त्री किराँतीले आफु भन्दा पुरानो पर्यटन ऐनले अहिलेको पर्यटन क्षेत्रको विकास र उन्नती गर्न नसक्ने दाबी गर्नु भयो।

जनता र देशको हितमा काम गर्दा कर्मचारीहरु भन्दा आफै पहिला जेल जान पनि तयार रहने गरी ऐन कानून बनाउन निर्देशन दिनु भएका मन्त्री किराँतीले नयाँ मनत्री आए पनि अहिलेको भन्दा राम्रो गर्छन भन्ने कुनै ग्यारेन्टी नभएको दाबी गर्नु भयो। संसारमै रंगी विरङगी संस्कृति भएको मुलुक नेपालमै संस्कृतिको ऐन नभएको उहाँले गुनासो गर्नु भयो। संस्कृतिको नीति निर्माण पछि प्रज्ञा प्रतिष्ठानको कुलपतिको संयोजकत्वमा ११ सदस्य समिति गठन गरेको त्यो नीतिका आधारमा संस्कृति ऐन बनाउने मन्त्री किराँतीले बताउनु भयो। पर्यटनको क्षेत्रमा बढी भन्दा बढी जनशक्ति उत्पादन गर्न सरकार लाग्ने उहाँको भनाई थियो। पर्यटन विश्व विद्यालय स्थापना गर्न समेत मस्यौदा समित गठन गरेको मन्त्री किराँतीले बताउनु भयो। सचिवको नेतृत्वमा ऐन ड्राफ बनाउन लागेको उहाँको भनाई थियो।

परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले समसामयिक बिषयका समस्या राख्दै पोखरामा अन्तराष्ट्रिय हवार्य उडान गर्न, बैंक तथा विक्तिय क्षेत्रबाट व्यावसायीहरुलाई परेको मर्कालाई मध्यनजर गरी एक अंकमा व्याज दर कायम गर्न पहल गर्न, पोखरा आउने सडक मार्गको उचित व्यबस्थापन गर्न लगायतका माग गर्नु भएको थियो।

## विकास ...

प्रकाश पन्थले समृद्ध तनहुँका लागि सबै राजनीतिक दलबीच सहकार्य आवश्यक रहेको भनाइ राख्नुभयो। शहरी विकास मन्त्रालयको रु २३ करोड ६२ लाखको लागतमा दमौली सभागृह निर्माण भएको मन्त्रालयका सचिव रवीन्द्रमान श्रेष्ठले जानकारी दिनुभयो।

विसं २०७४ माघ २८ गतेदेखि निर्माण शुरु भएको भवन कोरोना महामारीका कारण ढिलो गरी निर्माण सम्पन्न भएको हो। भवन निर्माणका लागि विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्ने गरी काठमाडौस्थित डाँफे/एमए/प्रतिष्ठा जेभीले ठेक्का पाएको थियो।

सभाहल निर्माण सम्पन्न भएको मितिदेखि एक वर्षसम्म मर्मत सम्भारको अवधि राखिएको छ। सभागृहमा पाँच सय ९३ जन अट्ने क्षमताको सभाहल छ। सभागृहको बेस ग्राउण्डमा २० वटा कार तथा ७० वटा मोटरसाइकल पार्किङ गर्न सकिनेछ। भवनमा मुख्य सभाहल बाहेक एक सय ५० जना क्षमताको सेमिनार हल निर्माण भएको छ। सभाहल बाहिर फाउण्टेनसहितको भिआइपी पार्किङ स्थल समेत रहेको छ।

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा लाग्नुपर्छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सहिदको बलिदानबाट प्राप्त भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास लाग्नुपर्ने बताउनुभएको छ।

सहरी विकास मन्त्रालय काठमाडौँद्वारा शनिबार आयोजित व्यास नगरपालिका-३ सिथ्त बिपी वनबाटिकामा निर्माण गरिएको दमौली सभाहल उद्घाटन कार्यक्रममा उहाँले सबै दल, सबै राजनीतिक शक्ति, सबै जनता एक ठाउँमा उभिएर अहिलेसम्म प्राप्त गरेको उपलब्धिलाई संरक्षण गर्नु आजको आवश्यकता भएको औँल्याउनुभयो।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक बहुसांस्कृतिक मुलुक नेपाल भएको उल्लेख गर्दै उहाँले केही तत्वले सामाजिक सद्भावलाई खलबल्याउने प्रयत्न गरिरहेको बताउनुभयो। सामाजिक सद्भाव खलबलाएर उद्देश्य पूर्ति गर्न खोज्नु प्राप्त भएका उपलब्धिलाई समाप्त पार्ने खेल भएकाले यस्ता तत्वदेखि सदैव सचेत हुन आवश्यक रहेको



उहाँले बताउनुभयो।

"भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र सिँचाइ क्षेत्रमा चित्त बुझ्दो किसिमले काम भइरहेको छ", उहाँले भन्नुभयो, "आर्थिक समृद्धिको क्षेत्रमा अलि पछि रहेकाले अबको प्रत्येक क्रियाकलाप आर्थिक समृद्धितर्फ जोडिनुपर्छ।" गण्डकी प्रदेश सरकारले हरेक विकासे अड्डालाई उत्पादनसँग जोड्ने प्रयत्न गरिरहेको उहाँको भनाइ थियो। कृषकलाई उत्पादनका आधारमा अनुदानको व्यवस्था गरेका छौँ, उहाँले भन्नुभयो, "स्वदेशमा बसेर केही गर्न चाहने युवालाई कृषि, उद्योगलगायतका क्षेत्रमा अनुदानसहित सहयोग गर्न गइरहेका छौँ।" सङ्घ, स्थानीय र प्रदेश सरकारको संयुक्त प्रयासमा आर्थिक समृद्धि बढाउने किसिमका कार्यमा सक्रिय भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

## नेपाली ...

परिवर्तन हुन आवश्यक भएको मन्त्री किराँतीले बताए। भारतको हरिद्धारमा लाखौ जाने धार्मिक पर्यटकहरुलाई नेपालका धार्मिक मठ मन्दिर पशुपति, मुक्तिनाथ, विन्ध्यवासिनी मन्दिरमा किन ल्याउन सकिदैन भन्दै उहाँले प्रश्न गरे। हाम्रो देशमा ठुला ठुला योगशिवरहरु संचालन गर्न सकिने सम्भावना रहेको उनको भनाई छ।


उक्त पुरस्कार ग्रहण गर्दै श्रीमुक्तिनाथबाबाले बागलुङको पञ्चकोटमा आउदो फागुन ९ देखि २३ गतेसम्म अनन्तश्री ब्रह्माण्डीय महायज्ञ २०८० को आयोजना हुने भएको बताए। नेपालमा सबै धर्म सस्कृतिको सम्मान हुने गरी मिलेर बस्नुको बिकल्प नभएको बताउदै धार्मिक द्धोन्द्ध भएमा देशको अस्तित्व नै नहुने उनको दाबी थियो।

उक्त पुरस्कारको १५ लाख अक्षयकोष रहेकोले हरेक बर्ष सामाजिक तथा धार्मिक क्षेत्रमा उल्लेखनिय योगदान पुर्याएको एक जनालाई सम्मान गरिदै आएको सचिव तिर्थ श्रेष्ठले बताए। समितिले ज्येष्ठ नागरिक सेवा,एम्बुलेन्स सेवा, प्राकृतिक चिकित्सालय लगायतको सेवा संचालन गर्दै आएको अध्यक्ष गणेश बहादुर श्रेष्ठले बताए।


**स्तनपान: बालबालिकालाई वरदान**

आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ।
त्यसैले,
◆स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
◆आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
◆त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।
त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारवाही हुनेछ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# चीनसँगको सम्बन्ध

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड साताव्यापी भ्रमणमा चीन पुगेका छन । संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका पुगेका प्रचण्ड उतैबाट चीन पुगेका थिए । १९ औ एशियाली खेलकुद महोत्सवको उद्घाटन समारोहमा सहभागी हुन अमेरिका बाट चीन पुगेर नेपालले कति महत्त्व दिएको छ भन्ने देखाएको छाहाङजाओमा प्रचण्डसँग भएको भेटमा चिनियाँ राष्ट्रपति सी चिन फिङले चीन एकअर्कालाई बुझ्ने, भरपर्दो र एकअर्कालाई साथ दिने मित्र र साझेदार भएको बताएका छन् । चिनियाँ राष्ट्रपति सी चिनफिङसँग चीनको हाङ्जाओमा भएको द्विपक्षीय वार्तामा प्रचण्डले सीले अघि सारेका बीआरआईलगायत पहलहरुलाई समर्थन गर्ने बताएका छन ।

१९औँ एसियन गेम्सको उद्घाटनमा सहभागी हुन चीन पुगेका प्रधानमन्त्री प्रचण्डसँग सीले चीनले नेपालसँगको सम्बन्धलाई ठूलो महत्व दिएको बताउदै नेपालको विकास रणनीति तयार गर्न चीन नेपालसँग मिलेर काम गर्न तयार रहेको पनि बताए। चीनले छिमेकी नेपाललाई कति महत्त्व दिएको छ भन्ने देखाउँछ । 'चीन र नेपालले सधैँ एकअर्काका प्रमुख हित र चासोसँग जोडिएका मुद्दाहरुलाई बुझ्नुपर्छ र समर्थन गर्नुपर्छ,' सीले भने । नेपालका केही नेताहरूको दोधारे चरित्र देखाउनेलाई व्यबहारले गर्दछ ।

राष्ट्रपति सीले ट्रान्स हिमालयन थ्री डाइमेन्सनल इन्टरकनेक्सन नेटवर्कले आकार थालेको भन्दै दुई मुलुकले पूर्वाधार कनेक्टिभिटीलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए । 'दुई पक्षले पूर्वाधार कनेक्टिभिटी प्रवर्द्धन, यातायात सहकार्य विस्तारका साथै नेपाललाई सकेसम्म चाँडो भूपरिवेष्ठित मुलुकबाट भूजडित मुलुक बनाउन ध्यान केन्द्रित गर्नुपर्छ,' सीले भने, 'चीन चिनियाँ उद्यमहरुलाई नेपालमा लगानी तथा व्यवसाय सुरु गर्न तथा नेपाली उत्पादनहरु चीनमा निर्यात गर्न प्रेरित गर्छ ।'

उनले अन्तर्राष्ट्रिय र क्षेत्री मामिलामा चीन र नेपालको धेरै साझा स्वार्थ रहेको बताउँदै चीन नेपालसँग बहुपक्षीय सहकार्य गर्न तथा साझा स्वार्थहरुको सुरक्षा गर्न इच्छुक रहेको पनि बताए। प्रचण्डले आर्थिक मामिला, गरिबी निवारण र महामारीमा चीनले गरेको सहयोगका लागि धन्यवाद दिँदै नेपाल एक चीन नीतिमा दृढ रहेको पनि बताए। उनले ताइवान र तिब्बत चीनको अभिन्न हिस्सा भएको पनि स्पष्ट पारे। नेपाल कता नामेबारे त्यस्तै प्रचण्डले नेपालमा चीनको सार्वभौमसत्ता र सुरक्षामा आँच आउने कुनै गतिविधि हुन नदिने प्रतिबद्धता पनि व्यक्त गरे । उनले बीआरआईका संयुक्त पहलमा नेपाल सक्रिय रुपमा सहभागी हुने पनि बताए।धेरै अन्योल हटाउने काम हो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बड्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गाईभैँसी कल्याण मापदण्ड कार्यान्वयन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

गाईभैँसीप्रति हुने निर्दयी व्यवहार रोक्न गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले गाईभैँसी कल्याणसम्बन्धी मापदण्ड कार्यान्वयनमा ल्याएको छ । व्यावसायिक गाईभैँसी फार्मलाई पशु कल्याणको अवस्था सुनिश्चित गर्न सो मापदण्ड जारी गरिएको हो ।

गत वर्ष कात्तिकमा मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भएको मापदण्ड अहिलेसम्म लागू हुन सकेको थिएन । पशुकल्याणका क्षेत्रमा क्रियाशील संस्था 'स्नेहाज केयर' सँगको सहकार्यमा मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले अग्रसरता लिएको हो । असल अभ्यासमार्फत पशुपक्षीजन्य उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि, उत्पादनको स्वच्छता अभिवृद्धि र आर्थिक लाभ बढाउन गाईभैँसीको कल्याणमा जोड दिइएको हो । घरायसी प्रयोजनका लागि पालिने गाईबस्तुमाथि हिंसा र निर्दयी व्यवहारका घटना छिटपुट मात्र हुने भएकाले ठूला व्यावसायिक गाईभैँसी फार्मलाई लक्ष्य गरि मापदण्ड बनाइएको हो ।

पशु सेवा तालिम केन्द्रका प्रमुख डा गृष्म न्यौपानले व्यावसायिक रुपमा पालिएका गाईभैँसीको सुविधा र कल्याणका लागि मापदण्ड जारी गरिएको उल्लेख गर्नुभयो । सो मापदण्डले गाईभैँसीलाई भाक, प्यास र कुपोषण हुन नदिने, डर, त्रास र तनाव हुन नदिने, पीडा, चोटपटक र रोग व्याधिबाट सुरक्षित राख्ने र सामान्य प्राकृतिक व्यवहार अभिव्यक्त गरि बाँच्न पाउने स्वतन्त्रतालाई सम्बोधन गरेको उहाँको भनाइ छ। "गाईभैँसीलाई गरिने निर्दयी व्यवहार रोक्ने र उनीहरुप्रति मानिसले निभाउनुपर्ने जिम्मेवारी र उत्तरदायित्वलाई मापदण्डले समेटेकोछ",डान्यौपानेलेभन्नुभयो, "व्यावसायिक गाईभैँसी फार्ममा केन्द्रित गरिएको भए पनि यो समग्र पशुपक्षीको कल्याणसँग सम्बन्धित विषय हो, यसको दायरा क्रमशः विस्तारित हुँदै जान्छ ।" उहाँले पशुकल्याण विधेयक सङ्घीय संसद्मा पुगेको अवस्थामा त्यसको कार्यान्वयनको वातावरण तयार गर्न यो मापदण्डले किसान र सम्बद्ध संस्थालाई प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो । मन्त्रालयले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ ले दिएको अधिकार प्रयोग गरि गाईभैँसी कल्याण मापदण्ड बनाएको हो ।

मापदण्डमा आहार, गोठ व्यवस्थापन, ढुवानी गर्दा अपनाउनुपर्नेसावधानीलगायतका विषय उल्लेख छन् । नवजात पाडापाडी र बाच्छाबाच्छीलाई मार्ने नियतले सुकेनास गराउने, भोकै राख्ने, फाल्ने आदि गरेमा पशुप्रति निर्दयी व्यवहार भएको ठहर्ने डा न्यौपानेले बताउनुभयो । उहाँका अनुसार गाईभैँसीलाई घाउचोट लाग्ने गरि हिकार्उन, नाक, खुट्टा बाँध्न, पुच्छर बटार्न र छाडा छोड्न पाइँदैन । गाईभैँसीलाई तापजन्य असुविधा हुन नदिन गर्मी याममा पङ्खा या फोगर र जाडो याममा थप सोत्तरको व्यवस्था गर्नुपर्ने जनाइएको छ । पशुलाई उठ्न, बस्न र घुम्न पुग्ने गरी गोठको व्यवस्था गर्नुपर्ने, खसी नपारेको भाले पशु र पोथी पशुलाई छुट्टै राख्नुपर्ने, गोठसम्म परेको, सफा, सुख्खा र प्रकाश छिर्ने गरि बनाउनुपर्ने मापदण्डमा उल्लेख छ । यस्तै गाईभैँसी तर्सने गरी गोठ र वरपर कुनै गतिविधि गर्न नहुने, दूध नदिएको वा लुकाएको बहानामा पशुलाई पिट्न वा तर्साउन नपाइने, आवश्यकताअनुसार चरन र घाँस परालका अतिरिक्त प्रयाप्त मात्रामा सन्तुलित आहार उपलब्ध गराउनुपर्ने जनाइएको छ । पशुलाई सङ्क्रामक रोग विरुद्ध खोप र नियमित रुपमा थुनेलो परीक्षण गराउनुपर्ने, पशुको गोठ र वरपर तिखो तथा धारिलो औजार राख्न नहुने मापदण्डमा उल्लेख छ । उत्पादनशील जीवन पार गरेका, थुनेलोका कारण चारवटै थुन दूध नदिने भएका, प्रजनन सम्बन्धी रोगका कारण थलिएका गाईभैँसीलाई कालगतिले नमरेसम्म स्याहार गर्नु पशुधनीको दायित्व र कर्तव्य हुनेछ भनिएको छ। गाईबस्तको ढुवानी गर्दा घाउचोट लाग्नबाट जोगाउनुपर्ने मापदण्डमा उल्लेख छ। प्रचण्ड गर्मी, वर्षा, आँधिबेहरी, असिना, हिमपात जस्तो प्रतिकुल मौसममा ढुवानी गर्न नहुने जनाइएको छ ।

मादपण्डले घाँसपातबाहेक गाईभैँसीलाई दिनुपर्ने सन्तुलित दानाको परिमाण पनि तोकेको छ। कोरली र थोरेलाई दैनिक साढे एक किलो, थारो भैँसीलाई तीन किलो, ब्याउने माग गाईभैँसीलाई तीन किलो, दुहुनो माउलाई दैनिक १० लिटरसम्म दूध दिनेलाई तीन किलो र त्योभन्दा बढी दूध दिनेलाई साढे दुई लिटर दूध बराबर थप एक किलो दाना उपलब्ध गराउनुपर्ने उल्लेख छ । निवृत्त पुशलाई भने दैनिक एक किलो मात्रा सन्तुलित दाना दिनुपर्ने जनाइएको छ।

'स्नेहाज केयर'का संस्थापक स्नेहा श्रेष्ठले पशुकल्याणको अभियानलाई गण्डकी प्रदेश सरकारले अपनत्व लिएकामा खुसी व्यक्त गर्नुभयो । "पशुकल्याणसम्बन्धी अहिलेसम्म कानून बन्न नसकिरहेको स्थितिमा आवाजविहीन प्राणीको आवाज बन्नका लागि गण्डकी प्रदेशबाट एउटा सुखद् सुरुआत भएको छ", उहाँले भन्नुभयो, "पशुपक्षीलाई पनि मानवताको व्यवहार चाहिन्छ, खुसी र स्वतन्त्रतापूर्वक बाँच्न पाउने उनीहरुको अधिकारको संरक्षण हुनुपर्छ ।"

कानूनी प्रबन्ध नभएका कारण हिंसा र अत्याचारमा परेका पशुपंक्षीको न्याय चुनौतीपूर्ण बनिरहेको संस्थापक श्रेष्ठले भन्नुभयो । "पशुपक्षीमाथि हुने अपराध र निर्दयी व्यवहारका विरुद्ध उजुरी लिएर जाँदा पनि दर्ता नहुने अवस्था छ, समाजले पनि पशु अधिकारलाई हलुका रुपमा लिइरहेको हुन्छ", उहाँले भन्नुभयो, "पशुपक्षीको हकहित र कल्याणका बारेमा जनस्तरमा ज्ञान र सचेतना अभिवृद्धि गर्नु आवश्यक छ ।" उहाँले मन्त्रालयसँग मिलेर मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि अभियान सञ्चालन गरिने बताउनुभयो । त्यसका लागि मन्त्रालय र स्नेहाज केयरबीच समझदारीपत्रमासमेत हस्ताक्षर भइसकेको छ । मापदण्ड कार्यान्वयनका लागि अनुगमन संयन्त्र बनाइने र पशुकल्याणको अवस्थाबारे पनि नियमित मूल्याङ्कन हुने मन्त्रालयले जनाएको छ।

# चापापानी सिद्धार्थ सहकारीको अध्यक्षमा दिपक कार्की

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज



पोखरा महानगरपालिका वडा नं १२ पुरानोधारा स्थित चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको चौधौ साधारण सभा तथा पाचौं अधिवेशनले दिपक कार्कीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसमम्त चयन गरेको छ।

शनिवार भएको साधारण सभावाट समितिको उपाध्यक्षमा श्याम प्रसाद साँखी, सचिवमा ईन्दिरा कोइराला र कोषाध्यक्षमा ईन्द्रदत्त बराल चयन भएका छन् । त्यसैगरी सदस्यहरूमा मनोहरि पौडेल, गुप्त वहादुर कार्की, बल वहादुर कार्की , दान वहादुर बस्नेत, कल्पना कार्की, अनिता राना मगर, मनोज कार्की सर्वसम्मत चयन भएका छन् । संस्थाको लेखा संयोजकमा चित्र प्रसाद दाहाल तथा सदस्यहरूमा चित्र प्रसाद आचार्य कृष्णराज पौडेल चयन भए।

निर्वाचित अध्यक्ष कार्कीले सहकारी ऐन र नियम अनुसार आँफु अगाडी बढ्ने प्रतिवद्धता गरे । सहकारीका शेयर सदस्यलाई मुख्य केन्द्र विन्दुमा राखेर हरेक कार्य अगाडि बढाउने अध्यक्ष कार्कीले पुनः प्रटिवद्धता राखे। भूमी, कृषि तथा सहकारी मन्त्रालय सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशका सूचना अधिकारी चोलाकान्त वाग्लेले सहकारीलाई राम्रो र हाम्रो बनाउने हो भने वित्तीय सूचांक मासिक रुपमा नियाल्न सेयर सदस्यलाई अनुरोध गरे । वाग्लेले अहिले बजारमा जुन नाफाको पछि सहकारीहरू हिडेका छन त्यस्ता सहकारीहरू र जुन सहकारी प्राईभेट किसिमले चलेका छन त्यस्ता सहकारीहरू जोखीममा रहेका बताउदै वाग्लेले सहकारीले धेरै निक्षेप संकलन गर्देमा सहकारी राम्रो नहुने भने । कार्यक्रमा पोखरा महानगरपालिका वडा १२ का वडा अध्यक्ष सन्तोष वास्तोलाले बजारमा सहकारीहरूको नकारात्मक प्रचार भइरहेको स्मरण गर्दै समुदायको उन्नति र प्रगतिको साथी भनेको सहकारी बन्न सक्नु पर्नेमा जोड दिए । चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश बहादुर कार्कोले चापापानी सहकारी संस्था कास्कीका औलामा गनिने सहकारीहरु मध्यमा चिनिने भने । सहकारीका सदस्यहरुले आफ्नै सहकारीमा आर्थिक कारोबार गरी संस्थालाई बलियो बनाउनुपर्ने बताउदै सहकारीलाई आगामी दिनमा खराब ऋणलाइ कानुनी उपचार गरी उठाउन लाग्नुपर्ने बताए । कार्यक्रममा पुरानोधारा सहकारीका अध्यक्ष कृष्ण प्रसाद कोईराला, संस्थाका सल्लाहकार डा नगेन्द्र बहादुर भण्डारी लगाएतले बोलेका थिए।

सहकारीका अध्यक्ष नरेश बहादुर कार्कीले अध्यक्षमा भएको कार्यक्रममा श्याम प्रसाद साँखीले सचिवको प्रतिवेदन, ऋण लगानी समितिका संयोजक गुप्त बहादुर कार्कीले ऋण लगानीको प्रतिवेदन ,लेखा सयोजक कुल प्रसाद दाहालले लेखा समितिको प्रतिवेदन कोषाध्यक्ष इन्द्रदत्त बरालले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए। सहकारीका अध्यक्ष नरेश बहादुर कार्कीको अध्यक्षतामा भएको उक्त कार्यक्रम सहकारीका सह सचिव दिपक कार्कीले स्वागत र सचिव श्याम प्रसाद साँखीले कार्यक्रम सञ्चाल गरेका थिए।

# कुँवर सेवा समाजको अध्यक्षमा कृष्ण कुँवर

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज




कुँवर सेवा समाज समितिको दशौं साधारण सभा तथा पाँचौं अधिवेशनले कृष्ण बहादुर कुँवरको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

समितिको उपाध्यक्षमा शिव कुँवर शम्भु, सचिवमा लक्ष्मी कुँवर, कोषाध्यक्षमा सपना सापकोटा, सहसचिव आरति कुँवर, सहकोषाध्यक्ष रोशन कुँवर र सदस्यहरुमा शक्त कुँवर, महेन्द्र कुँवर, सावित्री कुँवर, गणेश कुँवर र दिपक कुँवर चयन भएका थिए। समितिका अध्यक्ष ध्रव कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत दितिय उपाध्यक्ष वसन्त कुँवरले र संचालन सचिव लक्ष्मी कुँवरले गरेकी थिइन । सो अवसरमा संस्थापक अध्यक्ष श्रीमाया कुँवर, पुर्व अध्यक्ष रामबहादुर खाँण, पूर्व अध्यक्ष मधु कुँवर, युथ अफ कुँवरटोलका अध्यक्ष राजु कुँवरलगाएतले शुभकामना व्यक्त गरेका थिए।

# रासस गण्डकी प्रमुख पौडेललाई एग्रो टुरिजम अग्रज पत्रकार सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

राष्ट्रिय समाचार समितिका गण्डकी प्रदेश कार्यालय प्रमुख वासुदेव पौडेललाई एग्रो टुरिजम अग्रज पत्रकार सम्मानबाट सम्मानित गरिएको छ।

एग्रो टुरिजम सहकारी संस्था लिमिटेडको दोस्रो वार्षिक साधारणसभाका अवसरमा पौडेललाई नगद, दोसल्ला र सम्मानपत्रबाट सम्मान गरिएको हो। समाचार सम्प्रेषणका माध्यमबाट कृषि पर्यटनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको भन्दै पौडेललाई गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिम्खडा र सहकारीका अध्यक्ष डिल्लीराम बरालले संयुक्तरूपमा सम्मान गर्नुभयो।

कार्यक्रममा मन्त्री सिम्खडाले कृषि र पर्यटनलाई जोड्न सकेमा त्यसले आम सर्वसाधारणलाई उत्पादनसँग जोड्ने बताउनुभयो । पछिल्ला समयमा सहकारीमा समस्या बढ्न थालेको बताउँदै उहाँले प्रत्येक सहकारीलाई उत्पादनसँग जोड्दै आर्थिक अनुशासन कायम गर्न सके समस्याहरू निराकरण हुने बताउनुभयो । सहकारीका अध्यक्ष डिल्लीराम बरालले कृषि तथा पर्यटनको पूर्वाधारको विकास गर्दै उद्यमशीलतामार्फत रोजगारीको सिर्जना गरी गरिबी न्यूनीकरण गर्नका लागि एग्रो टुरिजमको अवधारणा अघि बढाइएको बताउनुभयो। किसानद्वारा उत्पादित अर्गानिक खाद्यवस्तु गोठ तथा बारीदेखि भान्छासम्म पुऱ्याउने लक्ष्यका साथ सहकारी सक्रिय बनेको बताउँदै उहाँले स्थानीय स्रोतसाधनको उपयोग गरी साझेदारीमार्फत उत्पादन वृद्धि गर्नेतर्फ केन्द्रित बनेको उल्लेख गर्नुभयो । पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी, पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरिया, सहकारीका उपाध्यक्षद्वय टीकाराम पौडेल र श्रीभद्र बराल, सचिव बाबुराम सुवेदीलगायतले कृषि पर्यटनका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धिका साथै रोजगारी सिर्जना गर्न सकिनेमा जोड दिनुभयो। कार्यक्रममा उत्कृष्ट बचतकर्ता, असल ऋणी, कृषि उद्यमी व्यवसायी, विद्यार्थी र कर्मचारीलाई सम्मान गरिएको थियो।


**हार्दिक समवेदना**



जन्म
२०००/११/२६

स्वर्गारोहण
२०८०/०५/२६

**स्व. कृष्ण प्रसाद दुङ्गाना**

यस विद्यालयमा कार्यरत शिक्षक श्री प्रभा कुमारी दुङ्गाना गौतम (वि.व्य.स. शिक्षक प्रतिनिधि) ज्युका पुजनीय पिता **कृष्ण प्रसाद दुङ्गाना**को ८० वर्षको उमेरमा असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै सोकसन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रामदत्त पौडेल
प्रधानाध्यापक

जगत बहादुर खत्री
वि.व्य.स. अध्यक्ष

तथा

**महेन्द्र माध्यमिक विद्यालय परिवार**
नयाँबजार, पोखरा-९, कास्की

